# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लुङग्री गाउँपालिका
## रोल्पा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लुङग्री गाउँपालिका

## रोल्पा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लुङग्री गाउँपालिका

## रोल्पा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ७१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

लुङ्ग्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रोल्पा ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड १२ लाख २५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.२ लाख ४७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख ३१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.३ करोड २ लाख ६८ हजार र पेश्की बाँकी रु.१२ हजार रहेको छ । लुङ्ग्री गाउँपालिकाको गतवर्ष सम्म रु.१० करोड २३

लाख ७१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ३३ लाख ४९ हजार रहेको छ । लुङ्ग्री गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने लुङ्ग्री गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी लुङ्ग्री गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(घनश्याम पराजुली)**
**नायब महालेखापरीक्षक**

# लुङ्ग्री गाउँपालिका,

रोल्पा जिल्ला,

## १. चालु वर्षको बेरुजु २०७९।८०

### बेरुजु वर्गिकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | १९ | ३१२२५ | ० | ५ | २४७ | ६६ | १४ | ३०९७८ | २३१ | ३०२६८ | ४६७ | ० | ० | ३०७३५ | १२ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७९।८०

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोल्पा | १०२३७१ | ० | ० | १०२३७१ | ० | ३०९७८ | १३३३४९ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु. हजारमा)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७८।७९ | 0 | - | 0 |
| | २०७७।७८ | 0 | - | 0 |
| | २०७६।७७ | 0 | - | 0 |
| | कुल जम्मा | 0 | - | 0 |

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस लुङ्ग्री गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु लुङ्ग्री गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत 7 वडा, सभा सदस्य 38 र १३५।२३वर्ग किलोमिटर क्षेत्रफल तथा 26539 जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।१५ देखि २०८०।०५।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ४५०९७५ हजार, राजश्वतर्फ रु .४३ ७०

हजार, धरौटीतर्फ रु. ४४८७हजार, लगायत जम्मा रु.५१५३२५हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** नभएको।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **तलवी प्रतिवेदन**

स्थानिय तहले आफ्नो कार्यालयमा कार्यरत कर्मचारीहरुको कानून वमोजिम तलवी प्रतिवेदन पास गरेर मात्र तलव भत्ता खर्च लेख्नुपर्दछ । गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पास नगरी रु. १६९५३७१७। तलव भत्तामा खर्च लेखेको छ । कानूनमा व्यवस्था भए वमोजिम तलवी प्रतिवेदन पास गरेर मात्र तलव खर्च लेख्नुपर्दछ ।

३ **बजेट तथा कार्यक्रम**

३.१ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा मिति २०७९।३ ।१० गते रु ५२ करोड ८८ लाख ८१ हजार ४९१ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

३.२ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.३ **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.४ **अवकाश कोष** :स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानिय तहले स्थानिय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धी कानून वमोजिम अवकास हुदाँ प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तीभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोछ । गाउँपालिकाले यो वर्ष वजेटमा व्यवस्था गरी कल्याणकारी कोष मा रु 10,00,000 जम्मा गरेको छ । कानूनमा व्यवस्था भएवमोजिम आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलव वाट दश प्रतिशत रकम कट्टा गरी सो रकम वरावरको हुन आउने रकम थप गरी अवकास कोषको रुपमा स्थापना गर्नुपर्दछ ।

३.५ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.६ **लक्ष्य प्रगति :** गाउंपालिकाको यस वर्ष तर्जुमा गरेका कार्यक्रमहरुको प्रगति निम्नानुसार रहेको पाइयो।

| **कार्यक्रम संख्या** | **वार्षिक प्रगती** | | | |
|---|---|---|---|---|
| | **शुन्य प्रतिशत** | **२५ प्रतिशत सम्म** | **५० प्रतिशत सम्म** | **७५ प्रतिशत सम्म प्रगती** |
| **६८२** | **११५** | **५** | **२१** | **३८** |

पालिकाले दिएको विवरण अनुसा जम्मा ६२८ कार्यक्रम रहेकोमा ११५ वटा कार्यक्रमको शुन्य प्रगती भएको छ । पालिकाले कार्यक्रम तथा योजना छनौट गर्दा स्रोत साधनको उपलब्धता, जनशक्तीको उपलब्धता, कार्यक्रमको सम्भाव्यता तथा कार्यान्वयन गर्न सक्ने क्षमताको आकँलन गरेर कार्यान्वयन योग्य योजना मात्र छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।

३.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २७९२८००० | २३८८९७९९.20 | ५.२ |
| २ | पूर्वाधार विकास | १००५४९६१५ | ८२६५२६०८.७८ | १८.३२ |
| ३ | सामाजिक विकास | २६८८६२७६१ | २४०६२८५५५.97 | ५३.४ |
| ४ | बातावरण तथा विकास | 0 | 0 | 0 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ९६९२००० | ८९८२५०७ | २ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२१८४९११५ | ९४८२२४४२.८१ | २१.०२ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.४ प्रतिशत र बातावरण तथा विकास मा सबै भन्दा घटीमा ० प्रतिशत रहेको छ ।

३.८ **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रम को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाख देखी ५० लाखसम्मका | ५० लाख भन्दा वढीको योजना | जम्मा |
|---|---|---|---|---|---|---|
| १९ | ४३ | ५० | १८ | १४ | ४ | १४८ |

४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था,

प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

५ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ७ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १५९४ |
| मृत्युदर्ता | ४५० |
| बसाईसराई दर्ता | ५६ |
| विवाह दर्ता | ५२९ |
| सम्बन्धविच्छेद दर्ता | २१ |

६ **आन्तरिक लेखापरिक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्यको आन्तरीक लेखापरिक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । यस गाउँपालिकाले आन्तरिक लेखापरिक्षण शाखाको व्यवस्था गरी आन्तरिक लेखापरिक्षण गर्नुपर्नेमा यस आर्थिक वर्षको आन्तरिक लेखापरिक्षण गराएको छैन । पालिकाले कानूनले गरेको व्यवस्था वमोजिम आफ्नो आय व्ययको आन्तरिक लेखारिक्षण गराउनुपर्दछ ।

७ **जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ९५ मा सम्पत्ती तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगत वमोजिमको सम्पत्ती तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्दछ । गाउँपालिकाको विवरण वमोजिम विधमान अवस्थामा भएका

मालसामानको लगत कार्यालयले तयार गरेको तथा कार्यालयमा प्राप्त भएको तथा खरिद भएका खर्च भएर नजाने मालसामान जिन्सी सहायक खातामा वुझाउने गरेको छैन । कार्यालयको पाम्स प्रणाली मा अभिलेख भएका सामान के सामान कुन कर्मचारीले वुझेको हो सोको अभिलेख स्पष्ट हुनेगरी खाता प्रमाणीत गरी राख्नपर्ने देखिन्छ ।

## ८ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ४ वटा नियमावली, २६ कार्यविधि ४ वटा निर्देशिका र २ वटा मापदण्ड लगायत जम्मा ४९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कानून निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरिय वनाउनुपर्दछ ।

## ९ न्यायीक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । यस वर्षमा ४ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई २ विवाद फछ्यौट गर्न बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १० अनुदान प्राप्त र फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले दिएको विवरण अनुसार आ. व. 2079/80 अनुदान प्राप्त र खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | फिर्ता गर्न वाकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १९८२०५००० | १७७५२२४७९।५ | २०६८२५२०।५ | ० |
| | विषेश | १००००००० | ६४२०९०५ | ३५७९०९५ | ० |
| | समपुरक | ० | ० | ० | ० |
| | शसर्त | ८०००००० | ७९१५६५९ | ८४२४१ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| **प्रदेश सरकार** | विषेश | ६०००००० | ५५५१८११ | ४४८१८९ | ० |
| | समपुरक | १४७२७१२३ | १४४०७२०० | ३१९९२३+ | |

११ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु 3045323 तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु625000 गरी रु. 3670323 अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१२ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ५१(२) अनुसार कर्मचारीले लिएको पेश्की म्याद भित्र फछ्यौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले उपलब्ध गराएको विवरण अनुसार निम्न संस्था/कर्मचारीलाई पेश्की वापत रु८८६२०००। भुक्तानी गरेको देखिन्छ । पालिकाले देहायको ब उ शि नं बाट दिएको पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| पेश्की विवरण | पेश्की लिने | पेश्की रकम |
|---|---|---|
| गा. पा.को प्रशासकीय भवन निर्माण | स्मृति विशाल — नारायण जे.भी. | ८८५००००। |
| स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुलाइ यातायात खर्च | कुमारी विष्ट | १२०००। |
| | जम्मा | ८८६२०००। |

माथि उल्लेखित पेश्की मध्ये स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलाहरुलाइ यातायात खर्च वापत कुमारी विष्टले लिएको रु१२०००। पेश्की म्याद नाघेको रु

| | |
|---|---|
| पेश्की | १२,००० |

१३ **खर्च बिश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट बैङ्क मौज्यात समेत रु 85500936.59 - राजस्व बाँडफाँड र अनुदानबाट रु411819008.81-समेत ४९७३१९९४५.४० आम्दानी भएकोमा चालु तर्फ रु255275430.01 र

पूँजिगत तर्फ रु 195700483 र बित्तिय ब्यबस्था तर्फ रु. 0 समेत रु450975913.77 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.97 प्रतिशत बैक मौज्यात बाहेक रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु 7789200.00 खर्च भएको छ जुन आन्तरिक आयको 178 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 63.16.प्रतिशत चालु र 36.84 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **जनशक्ति व्यवस्थापन**

१४.१ **दरवन्दी र पदपूर्तीको अवस्था :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 76 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित 30 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, सव इन्जीनियर, कृषि अधिकृत, जनस्वाथ्य अधिकृत सहित 46 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१४.२ **करार कर्मचारी :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारवाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले कर्मचारी सर्वेक्षण तथा व्यवस्थापन गरेर अस्थाई तथा स्थाई दरवन्दी स्विकृत नगरी विभिन्न पदमा ५७ जना कर्मचारीहरु करारमा राखि रु. १४७०८४९६ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४, को दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्वर, इलेक्टीसियन, चौकिदार, मालि बगैंचा लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले दिएको विवरण अनुसार माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २३ जना करार नियुक्ती गरी वर्षभरी रु. ८२४००३१ भुक्तानी गरेको नियम संगत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८२,४०,०३१ |

१४.३ **वडा सचिवको पदपुर्ती :** स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी कर्मचारी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाको कार्य दृष्टीकोणले

महत्वपूर्ण र आवश्यक रहेको पद वडा सचिवको पदपूर्ति हुन सकेको छैन । जसले वडावाट सम्पादन हुने कार्यमा गुणस्तरियता र प्रभावकारीता आउन सक्दैन । अत पालिकाले यथासघ्री रिक्त पदको पदपूर्ती गर्नुपर्दछ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | पदपूर्ती | रिक्त पद |
|---|---|---|---|
| ७ | ७ | २ | ५ |

१५ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर तथा घरजग्गा कर | 2000000 | 1362100 | 68 |
| घर जग्गा बहाल कर | 90000 | 64686 | 72 |
| व्यवसाय कर | 30000 | 45500 | 159 |
| बहाल विरौटी शुल्क | 0 | 0 | 0 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१६ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १८३९४३३८४.५० | ४३७०४४५.59 | 0.97 |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 0.97 प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत आर्थिक वर्ष २०७९।८० मा रु. .4370445.59 आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१८ **राजस्व आम्दानी ढिला दाखिला**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतका वडाको राजस्व असुली तथा दाखिला रु.2431542 रहेकोमा सोको विवरण अनुसार लेखापरीक्षण गरिएकोमा वडा कार्यालयहरुले प्राप्त गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन । वडा कार्यालयबाट भएको आम्दानी रकम अधिकांश वडा कार्यालयका जिम्मेवार कर्मचारीहरुले महिनामा एक पटक सम्बन्धित खातामा बैक जम्मा गर्ने गरेको देखियो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आम्दानी राजस्व रकम र बैक दाखिला गरेको विवरणमा भिडान गर्ने कार्यमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ।

१९ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर राजस्व संकलन गर्ने विभिन्न स्थानहरुमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । पालिकाले प्रत्येक वडाहरुलाई वितरण गरेको आम्दानी रसिद तथा मालपोत रसिदहरुको रसिद नियन्त्रण खातामा अभिलेख व्यवस्थित गरेर राखेको पाईएन । तसर्थ कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

२० **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु4000000.00 प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु4370445.59 अर्थात अनुमान भन्दा 9.2 प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२१ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १२,००,००० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२२ **हर्जना**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ती सम्वन्धी व्यवस्था गरिएको छ । निर्माण व्यवसायिको ढिलाईको कारणले निर्माण कार्य पुरा हुन नसकेमा सार्वजनिक निकायलाई सम्झौता रकमको 0.05 प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ती दिनपर्ने व्यवस्था छ । देहायका विधालयले ठेक्का अवधिभित्र कार्य सम्पन्न नगरेको कारण रु ५०७०२ हर्जना असूल गर्नुपर्ने रु

| योजना | ठेक्का अंक | म्याद थप पश्चातको अवधि | म्याद थपको लागि निवेदन | निर्माण व्यवसायी | हर्जना रकम |
|---|---|---|---|---|---|
| ऐपे युवावर्ष आ. वी | १३३०४४३ | 2079-3-15 | 2079-4-8 | दशौदी नि. से | २३ दिनको 0.05 प्रतिशतले हुने 15300 |
| जल्केनी पाटेगुम्चाला खा.पा योजना | 3078435 | 2079-3-15 | 2079-4-8 | जलजला मल्टी विजिनेश कन्स्ट्रक्सन | 23 दिनको 0.05 प्रतिशतले हुने रु. 35402 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,७०२ |

२३ **डी. पि. आर को कार्य**

गाउँपालिकाले यो वर्ष परामर्श सेवा वाट रु. 7017902 वरावरको विभिन्न कार्यको डि.पि.आर. गरी भुक्तानी गरेको छ । गाउँपालिकाको आवश्यकताको आधारमा डि.पि.आर प्राप्त भए पश्चात योजना संचालनको लागि आगामी वर्ष वजेटको व्यवस्था गरेको छैन । डि.पि.आर प्राप्त भएको अवस्थामा योजना संचालन नहुँदा डि.पि.आर तयारिमा भएको खर्च खेर जाने अवस्था रहन्छ । यस सम्वन्धी व्यहोरा निम्न अनुसार छन्

२३.१ **एउटै प्याकेज वाट गर्नुपर्ने** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ मा एउटै प्याकेजवाट गर्न सकिने कार्यको लागत अनुमान एउटै तयार गरी सार्वजनिक निकायले खरिद कार्य गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले किलाचौर तल्लो गुम्चाल र राजीपाटी हर्जाङ मोटर वाटो, किलाचौर- नाम्जा- जुतुङखोला र निरही मेनामोर सडक वाटो र किलाचौर पाङ कुन्जरी सडक वाटोको डि.पि.आर गर्न क्रमश् शुभ विज्ञान इन्जिनियरीङ कन्सल्टेन्सी, शुभ विहानी इन्जिनियरिङ कन्सल्टेन्सी र एभरेष्ट इन्जिनियरीङ कन्सलटेन्सी लाई छुट्टा छुट्टै कार्य दिएको छ । तीन वटै वाटो एउटै प्रकृतिको भएको कारण नियमावलीले गरेको व्यवस्था वमोजिम एउटै लागत अनुमान तयार गरी वोलपत्रको माध्यमवाट कार्य गराउनु पर्नेमा सोझै रु. 20 लाख भन्दा तल पारी कार्य गराएको छ । डि.पि.आर कार्यको लागत अनुमान समेत वनाएको छैन । नियम ६९ वमोजिमको कार्यक्षेत्रगत शर्त तयार गरेको छैन । नियम ७० तथा ७१ बमोजिम परामर्श दाता छनौट गर्नुपर्ने, लागत अनुमान 20 लाख भन्दा वढीको हकमा ३० दिनको समय दिई प्रस्तावना माग गरी नियमावलीले गरेको व्यवस्था वमोजिम परामर्शदाताको छनौट गर्नुपर्नेमा 20 लाख भन्दा कमको कार्य उल्लेख गरी छुट्टा छुट्टै सम्झौता गरी कार्य गराएको रु. 55,45,000 अनियमित कार्य रु.

| गो.भौ.नं/ मिति | कार्य | परामर्शदाता | रकम |
|---|---|---|---|
| 213/080-3-21 | किलाचौर-तल्लो गुम्चाल र राजीपाटी छर्जाङ सडक वाटो | शुभ विज्ञान इन्जिनियरीङ घोराही - 15 दाङ | 17,00,000 |
| २१४/2080-3-21 | किलाचौर- नाम्जा जुतुङ खोला र निरही मेनामोर सडक वाटो | सुभ विहानी इन्जिनियरीङ घोराही -15 दाङ | 1850000 |
| २३२/2080-3-23 | किलाचौर-पाङ- कुन्जरी सडक वाटो | एभरेष्ट इन्जिनियरीङ | 1995000 |

| | |
|---|---|
| अनियमित भएको | ५५,४५,००० |

२३.२ गाउँपालिकामा प्राप्त भएका डि.पि.आर को दर्ता गरी अभिलेखाङ्कन गर्नुपर्नेमा भण्डारमा दाखिला गरी अभिलेखाङ्कन गरेको छैन । उपर्युक्त सडक वाटोको लागि आ.व 080/81 मा वजेटको व्यवस्था गरेको छैन।

२३.३ **वजेटको व्यवस्था नभएको** : गाउँपालकाले वडा नं. १,२ र ७ को स्वास्थ्यचौकी भवनको डि.पि.आर कार्यको लागि रु. 14,72,902 खर्च लेखेको छ । तीन वटै वडाको प्रतिवेदन प्राप्त भएको अवस्थामा गाउँपालिकाले वडा नं २ को स्वास्थ्य चौकी भवनको लागि मात्र आ.व 080/081 मा वजेटको व्यवस्था गरेको छ । डि.पि.आर. को आधारमा योजना संचालन गर्ने गरी रकम विनियोजन गर्नुपर्दछ ।

## २४ हेफर प्रोजेक्ट नेपाल

पालिकाले गैर सरकारी संघ संस्था तथा निजी क्षेत्र वीचको सहकार्यमा गरिबी निवारणमा दीर्घकालिन परियोजना संचालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन बृद्धि गरी रोजगारमूलक, उद्यमशिल र मर्यादित कृषि

व्यवसायको विकास गर्न २०७९।६।१२ मा प्रस्ताव आह्वान गरे अनुरुप हेफर प्रोजेक्ट नेपालसंग कूल बजेट रु३५७१४२८५। को ७० प्रतिशत हुने रु२५०००००। पालिकाले व्यहोर्ने गरी २०७९।१०।१६ मा सम्झौता भएको देखिन्छ । यो परियोजनाको सम्झौता अवधि २०७९।१०।१६ देखि २०८२।३।१६ सम्म रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

२४.१ सम्झौताको बुँदा नं. ८ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन । उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन । वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

२४.२ गाउंपालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य स्थानीय साझेदार शहिद परिवार समाज नेपाल गैर सरकारी संस्था मार्फत गराएको छ । हेफर नेपाल संस्थावाट स्थानीय साझेदार संस्था शहिद परिवार समाज नेपाल गैर सरकारी संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो।

२४.३ सम्झौताको बुदा न ९ अनुसार साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

२४.४ सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७०बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७०मा २०लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३को दफा ३०बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३देखि ६आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३०दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने व्यवस्था छ । पालिकामा हेफर प्रोजेक्ट नेपालले पेश गरेको प्रस्तावको आधारमा सम्झौता गरेको पाइँदा कानूनको पालना भएको देखिएन ।

२४.५ कार्यालयले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयका कर्मचारीहरु परिचालन गरी गर्नु पर्दछ । पालिकाले यस कार्यक्रमवाट कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै गराउन सक्ने अवस्थामा कर्मचारीहरुवाट नगराई हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन । यस कार्यक्रममा कार्यालयले रु ३९९३०१५।०० खर्च गरेको छ । कृषि शाखा तथा पशु शाखामा कार्यरत कर्मचारीहरुलाई प्रभावकारी रुपमा उपयोग गरि कार्य गर्नुपर्नेमा नगरेको रु

| | |
|---|---|
| अनियमित भएको | ३९,९३,०१५ |

२५ **वडा नं. ५ को कार्यालय भवन**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।१।४ को निर्णयबाट रु.३८७३८। सम्परीक्षण गरिएको ।)***

२६ **सवारी साधन खरि**

गाउँपालिकाले सवारी खरिद मा रु 3099000 खर्च गरेको छ । सवारी साधनमा शुरुमा वजेट व्यवस्था नभएकोमा गाउँसभाको हिउदे अधिवेशन 2079 माघ 15 गतेको वाट रु. 3100000 वजेट व्यवस्था गरी सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिद गर्दा संघीय अर्थमन्त्रालयको सहमति लिनुपर्नेमा गाउँपालिकाले सो सहमती नलिई सवारी साधन खरिद गरेको छ । सवारी साधन खरिद गर्नु अगाडी संघिय अर्थमन्त्रालयको सहमती लिनुपर्दछ ।

२७ **अवण्डा**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको विभिन्न योजना तथा कार्यक्रम नै उल्लेख गरी वजेट ल्याउनुपर्ने स्थानिय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरेको छ । वजेट व्यवस्थापन गर्दा अवण्डा नरहने गरी कार्यक्रम अनुसार विनियोजन गर्नुपर्दछ । यस आर्थिक वर्षको वजेटमा गाँउपालिकाले देहायको शिर्षकमा कार्यक्रम नखुलाई अवण्डा नै हुनेगरी वजेट ल्याएको छ । अवण्डा राख्ने मनशायले वजेट पेश गर्नुहुदैन ।

| कार्यक्रम | रकम |
|---|---|
| अन्य कार्यालय संचालन | 10,00,000 |
| सेवा परामर्श पूजीगत | 10000000 |
| मर्मत सम्भार कोष | 2000000 |
| मर्मत संरक्षण | 500000 |
| विविध | 1500000 |

## २८ निर्माण सम्पन्न नहुदै कार्यसम्पन्न तयार

गाउँपालिकाले लागत अनुमान वमोजनिम सवै कार्य सम्पन्न भए पश्चात सम्वन्धित निर्माण कार्यको कार्यसम्पन्न तयार गर्नुपर्दछ । कामको आधारमा नभै वजेटको आधारमा लागत अनुमान तयार गर्ने र पुरा काम नभएपनि जे जति काम भएको छ सोही आधारमा कार्यसम्पन्न गर्ने गरिएको छ । देहायको निर्माण कार्यमा भवनको सवै कार्यसम्पन्न गर्ने गरी ल.ई नवनाएको, अनुगमन प्रतिवेदन नभएको तथा ल.ई मा उल्लेख भएको कार्य समेत नगरी रु. ७४६६५८५।०० को कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ ।

| निर्माण कार्य | निर्माण व्यवसायी | कवोल अंक | कार्य भएको | कार्य नभएको |
|---|---|---|---|---|
| ऐपे युवावर्ष आ वी भवन निर्माण कार्य गौरी शंकर मा वी | दशौरी नि. से. | १३३०४४३ | 1195443 | Brick तथा झ्याल ढोकाको कार्य नभएको |
| गौरी शंकर मा वी | स्वर्गद्धारी माडी कन्सट्रक्सन | ७७४७२९५ | 6271142 | 87.500 घ. मी ग्याविन कार्य नगरेको<br>Brick motivery in lift cement को कार्य 89.74 घ.मी मात्र गरेको |

## २९ वोडङखोला नम्जा लिफ्ट खानेपानी योजना

सार्वजनिक खरिद नियमावली, 2064 को नियम ९ मा खरिद सम्वन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौतावाट हुन सक्ने अवस्थामा एउटै खरिद सम्झौतावाट गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले वोडङखोला नम्जा लिफ्ट खानेपानी योजनालाई एउटै प्याकेजमा नगरी सालवसाली ठेक्का व्यवस्थापन गरी कार्य गराएको छ । सो निर्माण कार्यमा निम्न व्यहोरा देखिएको छ ।

२९.१ आर्थिक वर्ष 2078/079 को 2078 माघ १८ गते रु. 43,82,649 मा खानेपानी योजना सम्पन्न गर्ने गरी ठेक्का लगाएकोमा सम्पन्न गर्नुपर्ने मिति २०७९।३।२५ सम्म योजना सम्पन्न भएको छैन । निर्माण व्यवसायी माडिक कन्सट्रक्सनले लागत अनुमान वमोजिम गर्नुपर्ने सवै काम नगरेको रु. 3144853 को मात्र कार्य गरेको अवस्थामा सोही कार्यको मात्र कार्य सम्पन्न तयार गरेको छ । पानीको मुहान देखि प्रथम टयाङ्की सम्म पानी संचालनमा आउनुपर्नेमा पानी संचालनमा आएको छैन ।

२९.२ आ.व २०७९/०८० मा सोही खानेपानी योजनाको रु 58,11,476 लागत अनुमान तयारी गरी रु. 44,54,245 (भ्याट समेत) मा कार्य सम्पन्न गर्ने गरी स्वर्गद्धारी माडी कन्स्ट्रक्सन संग मिति 2079-11-4 मा अर्को सम्झौता भएको छ । दोश्रो ठेक्काको कार्य कहाँ देखि कहाँ सम्मको हो स्पष्ट छुट्टिदैन । मिति 2080-03-20 सम्म ठेक्का

अवधि रहेको सो ठेक्काको पनि रु. 38,68,896 वरावरको काम भएको अवस्थामा कार्य सम्पन्न वनाएको छ । लागत अनुमान वमोजिम सवै कार्य पुरा नहुदै पुनः कार्य सम्पन्न तयार गरेको छ । दोश्रो ठेक्काको समयावधि सकिदा सम्म योजनामा पानी संञ्चालनमा आएको छैन । गाउँपालिकाले Step अनुसार पानी संचालन गर्ने गरी कार्य लगाउनुपर्ने, लागत अनुमान अनुसार कार्य गरेको अवस्थामा मात्र कार्य सम्पन्न तयार गरी भुक्तानी गर्नुपर्नेमा सो गरेको छैन । समय समयमा अनुगमन गरी पानी संचालनमा ल्याउनुपर्नेमा सो नगरेको, अनुगमन समितिले समेत सो योजनाको अनुगमन गरी प्रतिवेदन दिएको छैन । फिल्डमा गर्नुपर्ने कार्य ( Earth work ) कम गरेको छ भने सामान किन्ने कार्यमा जोड दिएको छ । खरिद गरिएका सामानको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेको छैन । यस खानेपानी योजनामा हालसम्म रु 70,13,749 खर्च भएको छ । समयमै पानी संचालनमा ल्याउने गरी गाउँपालिकाले कार्य गराउनुपर्दछ ।

३० **जस्ता पाता खरिद**

गाँउपालिकाले यो वर्ष जस्तापाता खरिद कार्यमा रु 19223032 खर्च गरेको छ । जसमा निम्न व्यहोरा देखिएको छ ।

३०.१ **वितरणमुखि कार्यक्रम** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ (३) मा गाउँपालिकाले योजना वनाउदा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने जस्ता योजना छनौट गर्नुपर्ने व्यवस्था गरेको छ । योजना छनौट गर्दा वितरणमुखी नभै उत्पादनमूलक योजना छनौटमा ध्यान दिनपर्दछ । गाउँपालिकाले शुरु वजेटमा जस्तापाता खरिदमा रु 100,00,000 वजेट विनियोजन गरेको, कार्यपालिकाको निर्णयवाट रु. 50,00,000 वजेट थप गरेको छ । त्यसै गरी गाउँसाभाको हिउदे अधिवेशन 2079 माघ १५ गते को निर्णयले जस्तापाता खरिदमा रु 1,00,00,000 थप गर्ने निर्णय गरेको छ । यसरी वितरणमुखी कार्यक्रममा पटक पटक गरी 2,50,00,000 वजेट व्यवस्था गरी रु. 1,92,23,032 खर्च गरेको छ । गाउँपालिकाले वितरणमूखी कार्यक्रम नभै उत्पादनमूलक कार्यक्रम/ योजना छनौटमा जोड दिनुपर्दछ ।

३०.२ **कन्टिनजेन्सी** : निर्माण कार्यको लागत अनुमान वमोजिम सोही कार्यको सुपरभिजन लगायतको कामको लागि कन्टिनजेन्सी कट्टा गर्नुपर्नेमा गाउँपालिकाले जस्तापाता खरिद कार्यमा समेत 4 प्रतिशत कन्टिनजेन्सी रु. 829971 कट्टा गरेको छ । कन्टिनजेन्सीको शिर्षकगत अभिलेख राख्नुपर्नेमा अभिलेख समेत कार्यालयले राखेको छैन ।

३०.३ **वजेट व्यवस्था नगरेको :** गाउँपालिकाले शुरु वजेटमा जस्तापाता खरिद कार्यको लागि रु. 1 करोड वजेट व्यवस्था गरेको छ । निर्मित संरचना मर्मत सम्भार कार्यक्रममा रकमको व्यवस्था नगरिएको शिर्षक वाट कार्यपालिका को मिति 2079 पौष 21 गतेको निर्णयले रु. 50,00,000 रकमान्तर गरेको, मर्मत सम्भार कोष तथा मर्मत संरक्षणमा गरी रु. 25,00,000 विनियोजन गरेको छ ।

३१ **पूजिगत**

सरस्वती मा.वी दरवाङ्गको तला थप गर्ने कार्यमा निर्माण व्यवसायि दशौदी निर्माण सेवाको कार्यमा निम्न व्यहोरा देखिएको छ ।

३१.१ **हर्जना :**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.२३४१४।- सम्परीक्षण गरिएको ।)*

३१.२ **विमा नगरेको**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको आधारमा मिति २०८०।११।२९ को निर्णयबाट रु.२६५००। सम्परीक्षण गरिएको ।)*

३२ **स्वास्थ्य तर्फ**

३२.१ **लागत अनुमान तयार नगरी सोझै खरिद :** सार्वजनिक खरिद नियमावली 2064 को दफा ५ मा सार्वजनिक निकायले रु. 1 लाख भन्दा वढीको खरिदमा लागत अनुमान तयार गरी स्विकृत गराएर मात्र खरिद गर्न सकिने प्रावधान रहेको छ । तर पालिकाले विभिन्न मिति र भौचर वाट रु ४०,५१,८२९ मूल्य वरावरको औषधि खरिद गर्दा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको छ । छलफलको क्रममा एकैपटक नगरि समय समयमा आवस्यकताको आधारमा खरिद गरिएको भन्ने कार्यालयको भनाई रहेको छ ।

३२.२ **खरिद मूल्यांकन नभएको :** सार्वजनिक खरिद नियमावली 2064 को नियम 115 मा सार्वजनिक निकायले खरिद गरेको सामाग्रीको सम्झौतामा उल्लेखित स्पेसिफिकेसन र गुणस्तर वमोजिम खरिद भए नभएको सम्वन्धमा अनुगमन तथा मूल्यांकन समिति द्धार खरिद सामाग्रीको मूल्यांकन गर्नुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले उक्त औषधि खरिद गरेको खरिद परिमाण, गुणस्तर तथा औषधिको म्याद समाप्त मिति जस्ता पक्षको मूल्यांकन गरेको छैन जसले तोकिएको गुणस्तरमानै औषधि खरिद भयो, तोकिएको समाप्त म्याद भएको औषधि खरिद भयो भनि एकिन हुन सकिएन । पालिकाले सामाग्री खरिद गरेपछी मूल्यांकन गरी स्टोर्स दाखिला गर्नुपर्दछ ।

३२.३ **निशुल्क वितरणको छाप लगाउनुपर्ने :** पालिकाले निशुल्क रुपमा वितरण गर्ने औषधि मा नेपाल सरकार वा गाउँपालिका वाट निशुल्क वितरण को लागि छाप लगाउनुपर्दछ । पालिकावाट खरिद भएको औषधि कुनैमा institutional only मात्र उल्लेख गरेको र कुनै मा मुल्य समेत उल्लेख गरेको छ । यसरी institutional only मात्र लेख्दा सर्वसाधारणले निशुल्क रुपमा प्राप्त गर्ने भन्ने वारे वुझ्न नसक्ने तथा मूल्य समेत उल्लेख गरेको औषधिको दुरुपयोग हुने देखिन्छ । पालिकावाट ५ वटा आइटम परिक्षण गर्दा १ वटा (ciprofloxacin tablets ip 250 mg, ) मा मुल्य समेत उल्लेख गरेको र institutional only समेत उल्लेख गरेको पाइएन । साथै खरिद गरिएको औषधिको खर्च र मौज्दात स्थिति एकिन हुने गरी विवरण समेत राखेको छैन

३२.४ **आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद :** पालिकाले नागरिकलाई निशुल्क औषधि उपलब्ध गराउने उद्धेश्यले पालिकाले उपलब्ध गराएको विवरण अनुसार विभिन्न कार्यक्रमवाट निम्न भौचर वाट औषधि खरिद गरेकोमा निम्न पाईयो ।

| क्र म | गो.भौ नं/ मिति | सप्लायर्स | स्रोत | खरिद मुल्य | खरिद विधि |
|---|---|---|---|---|---|
| १ | १११/२०७९/08/28 | श्री राम मेडिको कन्सर्न | गा.पा चालु | ९,८०,५०५ | सोझै खरिद |
| २ | ३७१/2079-12-14 | कामाख्य फर्मा | गा.पा चालु | ९,92,177 | सोझै |
| ३ | ६९४/2080-03-21 | प्रकाश मेडिसिन स्टोर्स | गा.पा चालु | ७,19,517 | सोझै |
| ४ | १८०/2080-02-32 | मुक्तिनाथ मैडिको फर्मा | संघिय शशर्त | १३,५९,६३० | सोझै |

३२.५ **अल्ट्रासाउन्ड मेसिन खरिद :** पालिकावाट अल्ट्रासाउन्ड मेशिन खरिद गर्नको लागि रु. ५,00,000 विनियोजन ( गा.पा पुजिगत ) गरी गो.भौ.नं. ७५/2079-12-14 वाट स्टार इन्टरनेशन एक्सपोर्ट एण्ड इम्पोर्ट वाट अल्ट्रासाउण्ड मेशिन ( ultra sound machine with conves prom : s.n l.02w10f130933) रु. ४,99,69५२ मा खरिद गरेकोमा पालिकामा उक्त मेशिन संचालन गर्ने प्राविधिक कर्मचारीको अभावमा प्रयोगविहिन अवस्थामा रहेको छ । पालिकाले प्राविधिक उपकरण तथा मेशिनरी खरिद गर्दा कार्यालमा जनशक्ती प्राप्तीको अवस्था, प्राविधिक ज्ञान, उक्त प्रविधि संचालन हुन आवश्यक अन्य प्राविधिक क्षेत्र को आकँलन गरेर मात्र गर्नुपर्दछ ।

३३ **आलुपकेट विकास कार्यक्रम :**

संघीय सरकार वाट रु. ६,00,000 हस्तान्तरण भई थामालालिगुरास कृषक समुह, लुङ्ग्री गा.पा -६ संग सम्झौता भई आलुपकेट पकेट विकास कार्यक्रममा रु. ५,९०,९३७ खर्च भएको मा निम्न अनुसार रहेको छ ।

३३.१ **कार्यक्रमको अनुगमन मूल्यांकन नगरी अनुदान उपलब्ध गराएको :** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ४ वुदा ४.१.४ मा पकेट क्षेत्र निर्धारणकोलागी क्षेत्र निर्धारण गरिएको छ। तथा वुदाँ नं ४.१.१३ मा स्थानिय तहले अनुगमन मूल्यांकन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व २०७८/७९ मा कार्यान्वयन भएको योजनाको उत्पादन, प्रभावकारीता जस्ता पक्षको मूल्यांकन गरेर उपयुक्त भएमा थप अनुदान उपलब्ध गराउनुपर्ने मा अनुगमन मूल्यांकन नगरी कृषक संग सम्झौता भएको छ जसले गर्दा उक्त कार्यक्रम निरन्तर संचालन गर्नु प्रभावकारी छ भनी एकिन गर्न सकिएन । अत पालिकाले कार्यक्रम निरन्तरता गर्दा कार्यक्रमको समग्र पक्षको मूल्यांकन गरेर प्रभावकारी भएमा मात्र थप अनुदान उपलब्ध गराउनुपर्दछ ।

३३.२ **कार्यक्रमको लागि आवश्यक उपकरण भन्दा अन्य उपकरण खरिद गरेको :** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल मा पकेट कार्यक्रम संचालन गर्दा सम्झौता बमोजिम उक्त कार्यक्रम कार्यान्वय गर्नको लागी आवश्यक सामाग्री खरिद गर्न पाउने व्यवस्था रहेको छ । यस कृषक समुह संग आलुपकेट

संचालन गर्नको लागि आवश्य सामाग्री भन्दा अन्य प्रयोजनको लागि प्रयोग हुने सामाग्री खरिद गरेको छ । अतः कार्यक्रम कार्यान्वयन गर्दा सम्वन्धित कार्यक्रम संग सम्वन्धित कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

| क्र म | सामाग्री | परिमाण | खरिद मूल्य | कार्यालयले व्यहोर्ने | प्रयोजन |
|---|---|---|---|---|---|
| १ | कम्वाइन मिल | १ | ७०,000 | ३५,000 | चामल, मकै, कोदो लगायत पिन्न तथा कुट्न काम लागुने |
| २ | च्यापकटर | १ | ५०,000 | 25,000 | घाँस काट्ने मेशिन |
| ३ | प्लाष्टिक टनेल | २७ | १८९,000 | ९४,५०० | आलु खेती गर्नको लागि टनेल प्रयोग नगरीने |
| | | जम्मा | ३०९,००० | १५४,००० | |

३४ **पदाधिकारी तथा अन्य सुविधा**

लुम्बिनि प्रदेशको प्रदेश सभाले बनाएको स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७६ को ३,४,५,६,७,८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानिय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विधुत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था गरेको छ । गाउँपालिकाले दिएको विवरण अनुसार पालकावाट खर्च भएको पदाधिकारी सुविधाको विवरण निम्न रहेको छ ।

| सि. नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष 7 जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य 23 जना | जम्मा ( वर्षभरी भुक्तानी भएको) |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | 577200 |
| २ | यातायात खर्च | 0 | 12000 | 10000 | 6000 | 3000 | 2244000 |
| ३ | टेलिफोन, मोबाइल | 3500 | 3000 | 3000 | 3000 | 2500 | 1194000 |
| ४ | पुस्तक, पत्रीका, ईन्टरनेट | 4000 | 4000 | 3000 | 3000 | 2000 | 1068000 |
| ५ | समन्वय तथा सहजीकरण | 10000 | 8000 | 6000 | 5000 | 3000 | 1788000 |
| ६ | अतिथि सत्कार | 6000 | 5000 | 4000 | 0 | 0 | 396000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | खानेपानी/ बिजुली/ सरसफाई | 10000 | 10000 | 0 | 0 | 0 | 120000 |
| | चाडपर्व खर्च | 0 | 0 | 0 | 0 | 0 | 0 |
| | मर्मत सम्भार | | | | | | |
| | वर्षभरिको जम्मा रु. | 402000 | 504000 | 2184000 | 1224000 | 2898000 | ७७८९200 |

## ३५ शिक्षा तर्फ

३५.१ **लागत अनुमान तयार नगरी खरिद भएको :** सार्वजनिक खरिद नियमावली 2064 को दफा ९ मा सार्वजनिक निकायले खरिदमा लागत अनुमान तयार गरी स्विकृत गराएर मात्र खरिद गर्न सकिने प्रावधान रहेको छ । तर पालिकाले रु. 9,95,097 मूल्य वरावरको प्याड खरिद गर्दा लागत अनुमान तयार नगरी खरिद गरेको छ ।

३५.२ **मौज्दात रहने गरी खरिद भएको :** आ.व २०७८/७९ को लेखापरिक्षण रिपोर्ट अनुसार २२१५० प्याकेट प्याड मौज्दात रहेको देखिन्छ । गत वर्षको मौज्दात हाल सम्म पनि खर्च भएको छैन भने पालिकाले उक्त परिमाणको मौज्दात खर्च नगरी मिति २६३/२०८०-03-२१ मा ९३०० प्याकेट खरिद गरेको छ । पाम्स प्रणाली अनुसार यो आ.व मा खरिद भएको परिमाण मौज्दात नै रहेको छ । पालिकाले वर्षको अन्त्यमा वजेट खर्च गर्ने गरी मौज्दात रहने गरी प्याड खरिद गरेको पाइयो । यस्तो खर्च पालिकावाट नियन्त्रण गर्नुपर्दछ । लेखापरिक्षणको क्रममा विधालयमा वितरण भैसकेको केवल पाम्समा मौज्दात देखिएको भन्ने कार्यालयको जवाफ रहेको छ ।

३५.३ **समानिकरण अनुदान वाट शिक्षकको तलव भत्ता :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ९८४१६२९ तलब भत्ता भुक्तानी गरेको अनियमित रु

| | |
|---|---|
| अनियमित भएको | ९८,४१,६२९ |

३५.४ **निः शुल्क स्यानिटरी प्याड वितरण कार्यक्रम :** संघिय सरकारवाट सामुदायिक विधालयमा अध्ययनरत छात्राहरुलाई निशुल्क रुपमा स्यानिटरी प्याड उपलब्ध गराउनको लागी विभिन्न शिर्षक वाट रु. १९,१५,००० अनुदान उपलब्ध गराएकोमा गो.भौ.नं. २६३/२०८०-03-21 वाट रापि सर्जिकल हाउस वाट ९३०० प्याड रु. ९४.69 मा खरिद गरी भ्याट सहित रु. ९,95,097 मा खरिद भएकोमा निम्न पाईयो

३५.५ **दिवा खाजा :** कार्यक्रम कार्यान्वयन निर्देशिका वमोजिम विधालयहरुलाई विधालय संचालन भएको दिनको आधारमा समयमानै दिवा खाजाको रकम निकाशा गर्नुपर्दछ । निर्देशिका वमोजिम प्रथम, दोस्रो र तेश्रो चौमासिकमा विधालयहरुलाई निकासा दिनुपर्नेमा गाउँपालिकाले देहाय वमोजिम रु १६१९२५५१ निकाशा गरेको छ । आर्थिक वर्षको अन्तमा गरेको निकासा रकम वाट विधार्थिहरुले दीवा खाजा प्राप्त गर्न सक्ने अवस्था देखिदैन । गाउँपालिकाले निर्देशिका वमोजिम विधालय संचालन भएको दिन दिवा खाजा प्राप्त गर्न सक्ने हिसावले निकाशा गर्नुपर्दछ ।

| विवरण | गो भौ नं | रकम |
|---|---|---|
| प्रथम निकाशा | ६४।०७१।१०।१७ | ५५८९३६६ |
| दोस्रो तथा अन्तिम किस्था | २५८।२०८०।३।२० | १०६०३१८५ |
| | जम्मा रु | १६१९२५५१ |

३६ **सामाजिक सुरक्षा**

३६.१ **निष्क्रिय खाता संख्या र रकम सम्बन्धमा एकिन गर्नुपर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को अनुसुचि १० मा वैंकले निश्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाउ वा पालिकालाई जानकारी दिनुपर्ने व्यवस्था रहेको छ । यस पालिका वाट नेपाल वैंक लिमिटेड, लुङ्गरी शाखा सँग सम्झौता गर्दा निश्कृय खाताको विवरण पालिकालाई प्रत्येक श्रावण र माघ महिना भित्र दिनुपर्ने व्यवस्था उल्लेख गरेको छ। तर बैंक वाट निश्कृय खाताको विवरण उपलब्ध गराउने साथै निश्कृय खाताको रकम फिर्ता गर्ने गरेको छैन यस सम्वन्धी पालिकावाट अनुगमन समेत भएको छैन । पालिकावाट निष्कृय खातामा रकम जम्मा हुने, दोहोरो पर्ने सम्भावना रहन्छ । लाभग्राहीको निष्क्रिय खाता संख्या र रकम सम्बन्धमा एकिन भएन । अतः गाँउपालिकावाट लाभग्राहिको खाताको विवरण अद्यावधिक सम्बन्धि समय समयमा अनुगमन र नियमन गर्नुपर्दछ।

३६.२ **लाभ ग्राहिको विवरण अधावधिक गर्नुपर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ मा स्थानिय निकायले समय समयमा लाभग्राहिको अभिलेख अधावधिक गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । सामाजिक सुरक्षा भत्ताको नाम नामेसी तयार पार्दा कुनै कुनै लाभग्राहिको दोहोरो नाम परेको देखिन्छ । तर दोहोरो नाम परेको भेटीएमा पालिकाले सामाजिक सुरक्षा भत्ता दोहोरो नदिएको सम्वन्धित शाखाको भनाई रहेको छ । पालिको व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शाखाले दिएको जानकारी अनुसार पालिकाले वैंकमा निकाशा दिएको तर वैंक

वाट दोहोरो परेर फिर्ता गरेपछी मात्र दोहोरो परेको सामाजिक सुरक्षाको रकम रोक्का गरेको भनाई सम्वन्धित शाखाको रहेको छ । अत पालिकाले लाभग्राहीको विवरण अधावधिक गरी सामाजिक सुरक्षाको रकम निकाशा दिनुपर्दछ ।

३६.३ **दोहोरो परेको विवरण एकिन गर्नुपर्ने :** versp-mis प्रणालीको विवरण अनुसार अन्तिम किस्थामा रिभर्स नभएको संख्या १७ देखाएकोमा वैंकले ७ जनाको मात्र रकम फिर्ता गरेको छ अन्य को रकम फिर्ता गरेको छैन । पालिकाले सम्पूर्ण लाभग्राहीको विवरण अद्यावधिक तथा वैंकमा वचत रहेको रकम छानविन गरी फर्वाड फिड र रिभर्स फिड एकिन गरि दोहोरो परेको विवरण, वचत रहेको रकम एकिन गर्नुपर्दछ । वैंकले पठाएको रिभर्स फिड अनुसार नागरिकता नम्वर र नाम एउटै भएका नागरिकको दोहोरो परेको असूल गर्नुपर्ने रु

| क्रम | नाम | नागरिकता नं | व्यक्तिगत परिचय पत्र नं | किस्ता | समुह | रकम जम्मा |
|---|---|---|---|---|---|---|
| १ | रास कुमारी विष्ट | १०४८ | २०१२१२२५०१७८९ | प्रथम र दोस्रो | एकल महिला | १५९६० |
| २ | धन वहादुर घर्ति क्षेत्री | १२९०६ | २००९१२१२०४७४६ | प्रथम | जेष्ठ नागरिक | ८००० |
| ३ | लालसरा गरी | १९९४१८२८ | २०१२०८१५०५६२३ | प्रथम र दोस्रो | एकल महिला | १५९६० |
| ४ | केशमा पुन | २०४५१२२४ | २००७१११२०४०४९ | प्रथम र दोस्रो | एकल महिला | २४००० |
| ५ | ढाँती घर्तिमगर | ५४०१७१०४५३८ | २०१७१२१५०३४७३ | प्रथम | एकल महिला | ७९८० |
| ६ | तालमति कामी | ५४३००२१९४ | २०३००९१५०३७०१ | प्रथम र दोस्रो | दलित ज्येष्ठ | १५९६० |
| ७ | दुजा घर्ति | ५४३००३१५९ | २०१०१११५०५०८४ | प्रथम र दोस्रो | ज्येष्ठ नागरिक | २४००० |
| ८ | आसरा खत्री | ५४३००३४७७ | २०१८०३०४०४२७१ | ४ वटै किस्था | एकल महिला | २३९४० |
| ९ | सुकी पुन | २३०९१८० | २०१६०५०९०२०२६ | दोस्रो | एकल महिला | ७९८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | अमिरा खत्री | ५४१००६९१९ | २००९०१०६०४२०४ | तेस्रो र चौथो | ज्येष्ठ नागरिक | २४००० |
| | | | | | जम्मा | १६७७८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६७,७८० |

३६.४ **रिभर्स फिड :** सम्वन्धित वैक वाट सामाजिक सुरक्षा वितरणको प्रमाणीत गरेको रिभर्स फिड प्राप्त हुन सकेन । बैंक वाट सम्वन्धित लाभग्राहीलाई रकम निकाशा दिएको विवरण प्रमाणीत नगरेको excell sheet मा उपलब्ध गराएको सम्वन्धित शाखा भनाई रहेको छ । शाखाले उपलब्ध गराएको रिभर्स फिल्ड प्रमाणित नभएकोले उक्त विवरण ठिक छ भनि एकिन गर्न सकिदैन । अतः पालिकाले वैंक वाट प्रमाणीत गरेको विवरण मात्र संकलन गर्नुपर्दछ ।

३७ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | सम्झौता रकम | प्रयोग भएको मेशिनरी | भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|
| १३८ /2080/02/24 | ऐपे मनेकोट मो.बा.उ.स | मोटर बाटो निर्माण तथा मर्मत | 2414741 | डोजर | 1915119 |
| ५१ /2079/12/08 | होक्लाबाङ मो.वा.उ.स | मोटर वाटो निर्माण तथा मर्मत | 727136 | डोजर | 570648 |
| ५५। २०७९।१२।८ | हार्जङ भैसाछापे छहरेखोला मो बा मर्मत उ स | मोटर वाटो निर्माण तथा मर्मत | ६०२८८१ | डोजर | ४७९०११ |

| | | | | | |
|---|---|---|---|---|---|
| २४। २०७९।१०।१९ | मर्मत सम्भार उ स | मोटर वाटो निर्माण तथा मर्मत | २१६१५०७ | डोजर | १७२६८१६ |
| १९५। २०८०।०३।२० | १ नं वडाका सम्पूर्ण वाटो मर्मत उ स | मोटर वाटो निर्माण तथा मर्मत | ४७४४८० | डोजर | ३८२३८६ |
| ४८। २०७९।११।२९ | ३ नं वडाका सम्पूर्ण मोटर वाटो मर्मत उ स | मोटर वाटो निर्माण तथा मर्मत | ७२८५०१ | डोजर | ५७३२७५ |
| २४५। २०८०।३।२४ | सातधारा मोटरबाटो निर्माण उ स | मोटर वाटो निर्माण तथा मर्मत | ७१९९०६ | डोजर | ४०५४१३ |

३८ **सव कन्टयाक्टरबाट काम गराएको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।

| क्रम | योजना | सम्झौता रकम | भुक्तानी भएको गो भौ नं | खर्च | उपभोक्ता समितिको नाम | ठेकेदार तथा निर्माण व्यवसायिको नाम |
|---|---|---|---|---|---|---|
| १ | ऐपे मनेकोट मो वा | २४१४७४१ | १३८।२०८०।०२।२४ | १९१५११९ | ऐपे मनेकोट मो वा उ स | अन्जली एण्ड लिस्ने कम्पनी |
| २ | होक्लाङ मो बा | ७२७१३६ | ५१।२०७९।१२।०८ | ५७०६४८ | होक्लाङ मो बा उ स | अन्जली एण्ड लिस्ने कम्पनी |
| ३ | हार्जङ भैसाछापे छहरेखुङ मो बा मर्मत | ६०२८८१ | ५५।२०७९।१२।८ | ४७९०११ | हार्जङ भैसाछापे छहरेखुङ मो बा मर्मत उ स | त्रिपुरेश्वर निर्माण सेवा प्राली |
| ४ | मर्मत सम्भार | २१६१५०७ | २४/2079/10/19 | 1726816 | मर्मत सम्भार उ.स | त्रिपुरेश्वर निर्माण सेवा प्रा.ली |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | 1 नं. वडाका सम्पुर्ण मटहरे वाटो मर्मत | ४७४४८० | 159/2080/03/20 | 382386 | १ नं वडा सम्पूर्ण बाटो मर्मत उ.स. | जानकी निर्माण सेवा |
| ६ | ३ नं. वडाका सम्पुर्ण मटहरे वाटो मर्मत | ७२८५०१ | 48/2079/11/29 | 573275 | 3 नं. वडाका सम्पुर्ण मटहरे वाटो मर्मत उ.स. | डि डि निर्माण सेवा |
| ७ | सातधारा मोटरबाटो मर्मत | ७१९९०६ | 245/2080/03/24 | 405413 | सातधारा मोटरबाटो निर्माण स.स. | महेन्द्र कुमार गुरुङ एण्ड लिस्ने कम्पनी |
| 8 | सुकेधारा मोटरबाटो निर्माण वडा नं. ३ | 1067485 | 68/2079/12/09 | 800911 | सुकेधारा मोटरबाटो निर्माण उ.स. | तिर्सना निर्माण कन्सट्रक्सन |
| 9 | चिजेर फिल्ड निर्माण योजना | 595053 | 85/2079/12/27 | 480000 | चिजेर फिल्ड निर्माण योजना उ.स | भाग्य लक्ष्मी निर्माण सेवा |

३९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम ३९(१५) मा उल्लेख गरिएका विषय वाहेक अन्य चालु प्रकृतिका खर्च भुक्तानी दिन वाँकी विवरणमा समावेश गर्न नपाउने व्यवस्था गरेको छ । गाउँ पालिकाले यो वर्ष गत वर्षको भुक्तानी दिन वाँकी विवरण वमोजिम रु. 1,67,06,037 भुक्तानी गरेको छ । सो भुक्तानी मा निम्न व्यहोरा देखिएको छ ।

३९.१ चालु प्रकृतिका खर्च तथा नियमावलीले दिन नपाउने खर्च वैठक भत्ता, इन्धन खर्च , पदाधिकारी अन्य सुविधा जस्ता शिर्षक वाट रु. २६,48,205 को समेत भुक्तानी दिन वाकी विवरण वाट भुक्तानी गरेको रु

| | |
|---|---|
| अनियमित भएको | २६,४८,२०५ |

३९.२ ज्योती आधारभुत भवन निर्माण कार्यको ठेक्का रु. 5293105 ( भ्याट समेत ) रहेकोमा रु. 5033838 को मात्र कार्य भएको अवस्थामा कार्यसम्पन्न तयार गरेको छ । झ्याल, ढोका, Partation wall, Plaster लगायतको कार्य वाँकी रहेको अवस्थामा सवै कार्य गर्न लगाउनुपर्नेमा जे जती कार्य भएको छ सोही अवस्थामा कार्य सम्पन्न तयार गरेको छ । सो कार्यको अनुगमन प्रतिवेदन समेत तयार गरेको छैन । गाउँपालिकाले ठेक्कावाट गराएको कार्यमा कुनै पनि कार्यको अनुगमन गरी प्रतिवगेदन तयार गरेको छैन । गाउँपालिकावाट संचालित सवै योजनाको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

३९.३ **हर्जना**

***........... (प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको मिति २०८०।११।२९ को निर्णयबाट रु.७८२८८।- सम्परीक्षण गरिएको ।)***

३९.४ गत वर्षको भुक्तानी दिन वाँकी विवरण स्थानिय तहले प्रमाणित गरी राख्नसपर्नेमा सो प्रमाणीत विवरण प्राप्त हुन आएन । गत वर्षको भुक्तानी दिन बाकी रकमलाई यस आर्थिक वर्षको वजेटमा समावेश गर्नुपर्नेमा गाँउ सभाले स्वीकृत गरेको वजेटमा सो रकमलाई समावेश गरेको छैन ।

४० **न्यायिक समिति तालिम**

भौ नं ५९।२०७९।७।४ बाट न्यायिक समिति तालिम संचालन वापत रु४२८२७०। खर्च लेखेकोमा मसलन्द वापत ४० जना प्रशिक्षार्थीलाई प्रति प्रशिक्षार्थी रु१००। का दरले रु४०००। र प्रशिक्षण कार्यका लागि एकमुष्ट रु२५००।ले जम्मा रु६५००। मात्र खर्च लेख्न पाउनेमा रु१९४७०। खर्च लेखेकोले नर्म्स भन्दा बढी भुक्तानी दिएको रु१२९७०। असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९७० |

४१ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद एवं निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्ता-टुक्ता पारी खरीद गर्नु नहुने उल्लेख छ । यसै गरी नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा १० लाख रुपैंयासम्म लागत अनुमान भएको खरिद कार्य सोझै गर्न सकिने उल्लेख छ । सो भन्दा बढी रकमको लागत अनुमान भएको खरिद कार्य प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नु पर्नेमा पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाले रु3360248 को बिभिन्न सामानहरु खरिद गरि भुक्तानी दिएको छ । पालिकाले मालसामान खरिद गर्दा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार वार्षिक खरिद योजना तयार गरी खरिद कामलाइ प्याकेज बनाइ लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाबाट खरिद कार्य गर्नुपर्दछ ।

४२ **प्रमाण**

पालिकाले निम्नानुसार भौचरबाट खर्च लेखि विभिन्न सामाग्री विद्यालयहरुलाई वितरण गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| भौ नं।मिति | भुक्तानी पाउने | सामाग्री वितरण गरिएको विद्यालय | खरिद/वितरण भएको सामाग्री | रकम |
|---|---|---|---|---|
| ६।२०८०।१।११ | वि जि इलेक्ट्रोनिक्स (११७५५०८७२) | २६ वटा विद्यालय | स्मार्ट टि भि र पेन ड्राइभ २६ थान | ८९९७९२। |
| ७।२०८०।१।११ | नासा इन्टरनेसनल साइन्स सप्लार्यस (६१७५२९२७७) | ८ वटा विद्यालय | डेक्सटप कम्प्युटर र प्रिन्टर ८ थान | ७०९९९९। |

विद्यालयहरुलाई उपरोक्तानुसार सामाग्री खरिद गरी वितरण गरेकोमा विद्यालयले जिन्सी आम्दानी बाँधेको दाखिला प्रतिवेदन, उपयोगको अवस्था देखिने फोटो प्रमाण तथा पालिकाबाट भएको अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ ।

४३ **राष्ट्रपति रनिङ सिल्ड**

भौ नं४४२।२०८०।१।१२ बाट राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम संचालनको लागि पालिकाले रु४०००००। खर्च लेखेको पाइयो । यस सम्बन्धमा फाँटवारी परीक्षण गर्दा बराहक्षेत्र माध्यमिक विद्यालय, बडिचौरले पेश गरेको प्रस्तावमा आयोजक विद्यालयलाई रु२३००००।, सहभागि अन्य ८ विद्यालयहरुलाई प्रति विद्यालय रु३००००। का दरले रु२४००००। र पुरस्कार वापत रु३००००। गरी रु४०००००। खर्च लाग्ने देखिन्छ । जसमध्ये आयोजक विद्यालय बराहक्षेत्र माध्यमिक विद्यालयले पुरस्कार वितरण तथा अन्य खर्चको गरी रु२६००००। को मात्र विल भरपाई पेश गरेको देखिन्छ । अतः सहभागि अन्य ८ विद्यालयहरुबाट भएको खर्च रु२४००००। को विल भरपाई पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४०,००० |

४४ **ग्रामीण दूरसंचार विकास कोष**

ग्रामीण दूरसंचार विकास कोषः ग्रामीण दूरसंचार विकास कोष प्रयोग गरी स्थानीय तह मार्फत ब्रोडव्याण्ड इन्टरनेटको पहुँच पुर्याउन नेपाल दूरसंचार प्राधिकरण काठमाडौं र पालिका बीच 29 वटा सामुदायिक आधारभूत विद्यालयहरुमा कम्तिमा २० एम वि पि एस को क्षमताको नन् डेडिकेटेड ब्रोडव्याण्ड इन्टरनेट पुर्याउन रु.2143100। रकम प्राप्त भएकोमा पालिकाले भौ नं २।२०७९।५।१ बाट २९ विद्यालयहरुलाई रु७३९००। का दर रु.२१४३१००। खर्च लेखेको पाइयो । नेपाल दूरसंचार प्राधिकरणसंग भएको सम्झौता अनुसार उक्त कार्यका लागि प्राधिकरणले तय गरेको औसत दर भन्दा बढि नहुने गरी मितव्ययी, पारदर्शी तथा प्रतिस्पर्धात्मक तरीकाले नेपाल दूरसंचार प्राधिकरणबाट इमेल तथा इन्टरनेट सेवाको अनुमति पत्र प्राप्त सेवा प्रदायकहरु मध्येबाट एक सेवा प्रदायक छनौट गर्नु पर्ने, तोकिए बमोजिमको सेवाको गुणस्तर कायम भएको एकिन गरी प्राधिकरणलाई सिफारिस गर्नु पर्ने, तोकिएको गुणस्तरको सेवा प्राप्त गरेको सुनिश्चितता गरेर मात्र

भुक्तानी गर्ने, जडान भएका उपकरणहरुको अभिलेख राख्ने, तोकिएको सामुदायिक विद्यालयहरुमा सेवाको उपलब्धता र उपभोगको सुनिश्चितता गर्ने, त्रैमासिक रुपमा सेवाको गुणस्तरका सम्बन्धमा प्राधिकरणले तोकेको मापदण्ड अनुरुप भए नभएको बारे अनुगमन तथा निरीक्षण गरी प्राधिकरणलाई जानकारी गराउने, प्रविधिमा आधारित पठनपाठन एवं इन्टरनेटको सही उपयोगका साथै सेवाको सुरुवात, निरन्तरता र दिगोपनाको लागि सहकार्य र साझेदारी हुने उल्लेख भएको पाइन्छ । तर पालिकाले उक्त रकम विद्यालयहरुमा निकासा गरी विद्यालयहरुबाट सेवा प्रदायक छनौट गरी उक्त कार्य गरेको देखिन्छ । साथै माथि उल्लेखित सम्झौता बमोजिमको कार्य भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन दिएको नदेखिएको, खर्च पुष्टि गर्ने विल भरपाई पेश नभएकोले सेवाको गुणस्तर कायम भयो भन्न सकिएन । प्राधिकरणबाट रु२९६९६००। प्राप्त भएकोमा रु.2143100 मात्र खर्च भएको पाइँदा सो कार्यको अनुगमन गरी प्रतिवेदन लिनु पर्दछ ।

४५ **मेस जाली खरिद**

गाँउपालिकाले भौ नं ७।२०७९।६।६ बाट त्रिपुरेश्वरी निर्माण सेवालाई Heavy coated G.I. wire Gabion boxes of mesh size (3x1x1) with partition ९४ थान खरिद वापत रु५७६५६२। खर्च लेखेको पाइयो । ९४ थान मध्ये ३७ थान मेस जाली बुझेको भरपाई पेश नभएको देखिएकोले सामान बुझेको प्रमाण कागजात पेश हुनु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२६,९४५ |

४६ **VERSP-MIS, VPN तथा कार्यालय व्यवस्थापन तालिम**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई प्रमाण पेश भएको मिति २०८१।१।४ को निर्णयबाट रु.७९९३०।- सम्परीक्षण गरिएको ।)***

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

४७.१ **सार्वजनिक परीक्षण गर्नुपर्ने :** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को नियम २० मा स्थानिय तहले बेरोजगार सूचिकरणको विवरण, श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट कामका लागि पारिश्रमिकमा आधारीत कार्यक्रम को सम्बन्धमा यस आर्थिक वर्षमा सार्वजनिक परीक्षण गरेको पाईदैन । पालिकावाट कार्यविधिमा उल्लेख गरे बमोजिम सामाजिक परिक्षण गरेर सार्वजनिक कार्यमा पार्दशिता र कार्यको गुणस्तरमा अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

४७.२ **श्रमिक समूह** : प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को नियम २५ मा रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकावाट श्रमिक समूह गठन गरेको पाईएन ।

४७.३ **आयोजना छनौट :** कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७७ को वुदाँ नं. ७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाहरु स्थानिय तहको वार्षिक कार्यक्रममा समावेश हुनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले वार्षिक कार्यक्रममा समावेश नगरी ( कार्यपालिकाको निर्णय गरेर ) कार्यक्रम तथा आयोजना छनौट गरि कार्यान्वयन गरेको छ । पालिकाले कार्यविधिको पालना गरी वार्षिक कार्यक्रममा समावेश गरी आयोजना छनौट गर्नुपर्दछ ।

# अनुसूचीहरू

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : लुङग्री गाउँपालिका, रोल्पा , लुङग्री गाउँपालिका , रोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्मराज बुढा | २०७९-५-९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बद्रि प्रसाद शर्मा वाग्ले | २०७८-२-३० | २०७९-५-८ |
| लेखा प्रमुख | वसन्त न्यौपाने | २०७८-९-२६ | २०७९-५-२३ |
| लेखा प्रमुख | नीमराज सुवेदी | २०७९-६-९ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४७८,३२२ | ३०,२६७,८८० | ४६६,९४५ | ० | ० | १२,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३१,२२५,१४७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २४६,८७० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३०,९७८,२७७ |

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९००२०६८३ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९८११५००० | **चालु खर्च** | २५५२७५४३१ |
| **प्रदेश सरकारबाट अनुदान** | ३३९२५१२३ | **पूँजीगत खर्च** | १९५७००४८३ |
| **राजश्व बाँडफाँट** | ७९७७८८८५ | **वित्तीय/अन्य व्यवस्था** | ३१९१२०१२ |
| **आन्तरिक आय** | ४३७०४४४.० | | |
| **अन्य आय** | ९११५१७७.० | | |
| **कुल आय** | ४२५३०४६२९ | **कुल खर्च** | ४८२८८७९२६ |
| **बाँकी मौज्दात** | | ३२४३७३८६ | |